# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) हेटौंडा, नेपाल, भदौ १८ गते, २०८३ साल (सङ्ख्या ०८


## भाग ३

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

**<u>प्रदेश विपद् व्यवस्थापन कोष परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८३</u>**

**<u>प्रस्तावना</u>:** प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश विपद् व्यवस्थापन कोष परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० को दफा ३ मा संशोधनः** प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को,-

(१) खण्ड (ग) को उपखण्ड (१) र उपखण्ड (२) मा रहेको "जिल्ला" भन्ने शब्दको सट्टा "स्थानीय" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (ग) को उपखण्ड (२) को क्र.सं. (क) र (ख) को सट्टा देहायका क्र.सं. (क) र (ख) राखिएका छन्ः-

(क) विपद्मा परी प्रदेशभित्र स्थायी बसोबास भएको कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने एकाघर परिवारको पहिलो एक जना मृतकको हकमा रु. एक लाख र एक भन्दा बढी मृतकको हकमा अतिरिक्त प्रतिव्यक्ति रु. पचास हजारका दरले एकाघर परिवारको

नजिकको हकवालालाई राहत उपलब्ध गराउने।

तर एकाघर परिवारका सबै सदस्यको मृत्यु भएमा उक्त रकम प्रदान गरिने छैन।

(ख) विपद्मा परी प्रदेशभित्र स्थायी बसोबास भएको कुनै व्यक्ति बेपत्ता भइ खोजी कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा सम्बन्धित स्थानीय तहको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघर परिवारको पहिलो एक जना बेपत्ता व्यक्तिको हकमा रु. एक लाख र एक भन्दा बढि बेपत्ता व्यक्तिको हकमा अतिरिक्त प्रतिव्यक्ति रु. पचास हजारका दरले एकाघर परिवारको नजिकको हकवालालाई राहत उपलब्ध गराउने।

तर एकाघर परिवारका सबै सदस्य बेपत्ता भएमा उक्त रकम प्रदान गरिने छैन।

(३) खण्ड (ग) को उपखण्ड (२) क्र.सं. (ख) पछि देहायको क्र.सं. (ख१) थप गरिएको छः-

(ख१) विपद्को घटनामा परि एकाघरका परिवारका सबै सदस्यको मृत्यु भएमा वा उपखण्ड (२) को क्र.सं. (ख) बमोजिम

बेपत्ता भएमा निजको काजकिरिया गर्ने व्यक्तिलाई किरिया खर्चबापत एकमुष्ट रु. पच्चिस हजार उपलब्ध गराईने।

(४) खण्ड (ग) को उपखण्ड (२) क्र.सं. (ङ) पछि देहायका क्र.सं. (च) र (छ) थप गरिएका छन्ः-

"(च) यस उपखण्ड बमोजिमको रकम सामान्यतः सम्बन्धित स्थानीय तहले आफ्नो विपद् व्यवस्थापन कोषबाट भुक्तानी गरी प्रदेश विपद् व्यवस्थापन समितिसँग सोधभर्ना लिनु पर्नेछ।

तर त्यस्तो भुक्तानीका लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट स्थानीय विपद् व्यवस्थापन कोषमा अग्रिम रकम हस्तान्तरण गरी सोबाट भुक्तानी गर्न बाधा पर्ने छैन।

(छ) यस उपखण्ड बमोजिम स्थानीय तहमार्फत उपलब्ध गराउने राहत सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गराएर उपलब्ध गराउनु पर्नेछ।

तर तत्काल राहत दिन स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गर्न सम्भव नदेखिएमा घटना लगतै बस्ने स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गराउने गरी समितिको अध्यक्षले

निर्णय गरी राहत उपलब्ध गराउन बाधा पर्ने छैन।"

(५) खण्ड (ग) को उपखण्ड (७) र (८) हटाईएको छ।

३. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को,-

(१) उपदफा (१), (२) र (३) मा रहेका "जिल्ला विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरू पछि "वा स्थानीय विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरू थप गरिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छः-

"(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष घटनामा कार्यकारी समितिको निर्णय बमोजिम कोषबाट व्यहोरिने गरी मन्त्रालयले वा प्रदेश सरकारका अन्य निकाय मार्फत प्रत्यक्ष रुपमा खोज, उद्धार तथा प्रतिकार्य सम्बन्धी कार्य गर्न बाधा पर्ने छैन।"

४. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) ऐनको दफा ३५ बमोजिम राहत उपलब्ध गराउनु परेमा कोषबाट स्थानीय विपद् व्यवस्थापन समितिलाई राहत वितरण प्रयोजनार्थ प्रदान गरिएको रकमबाट प्रदान गर्नु पर्नेछ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधिको अधिनमा रही स्थानीय विपद् व्यवस्थापन समितिले छुट्टै अभिलेख राखि खर्च गर्नु पर्नेछ र खर्चको आधारमा मन्त्रालय समक्ष सोधभर्ना माग्नु पर्नेछ।"

५. **मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ को,-

(१) उपदफा (१) र (२) मा रहेको "जिल्ला" भन्ने शब्दको सट्टा "स्थानीय" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (१) को खण्ड (ग) मा रहेका "स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिस पत्र एवम्" भन्ने शब्दहरू झिकिएका छन्।

६. **मूल कार्यविधिमा दफा ८क. थपः** मूल कार्यविधिको दफा ८ पछि देहायको दफा ८क. थप गरिएको छः-

**"८क. विशेष व्यवस्थाः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम कुनै स्थानलाई विपद् सङ्कटग्रस्त घोषणा गरेको अवस्थामा दफा ८ बमोजिमको प्रक्रिया पूरा गर्न सक्ने अवस्था नभएमा स्थलगत सरजमिन मुचुल्का सहितको सम्बन्धित वडाको सिफारिसमा स्थानीय तहले निर्णय गरी तोकिए बमोजिमको राहत वितरण गर्न बाधा पर्ने छैन।"

७. **<u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ९ मा रहेको "जिल्ला" भन्ने शब्दको सट्टा "स्थानीय" भन्ने शब्द राखिएको छ।

८. **<u>अनुसूची-२ मा संशोधनः</u>** मूल कार्यविधिको अनुसूची-२ मा रहेको "जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरूको सट्टा "........ गाउँपालिका/नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरू राखि क्र.सं. (११) मा रहेका "स्थानीय विपद् व्यवस्थापन समिति/" भन्ने शब्दहरू झिकिएका छन्।

९. **<u>रुपान्तरः</u>** मूल कार्यविधिको दफा ३ को खण्ड (घ) बाहेक अन्य ठाउँ ठाउँमा रहेका "जिल्ला प्रशासन कार्यालय" भन्ने शब्दहरूलाई "स्थानीय तह" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ।

**आज्ञाले,**
**महेश भट्टराई**
**प्रदेश सचिव**



आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-